नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 🖷 ५२६४४७
daokailali@moha.gov.np
dao.kailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63, Dhangadhi

प.सं. ०८२।८३
च.नं.

(स्थानीय प्रशासन शाखा)

धनगढी,कैलाली
मिति:- २०८२।०५।२६
ने.सं. ११४५

# विषयः हार्दिक अपिल।

सम्वत् २०८२ भाद्र २४ गतेको प्रदर्शनका क्रममा भएको आगजानी तथा तोडफोडवाट यस कार्यालयका प्रायः सवै भौतिक संरचना र अधिकांश महत्वपूर्ण कागजात, कम्प्युटर, उपकरण लगायतका सामाग्रीहरु जलेको अवस्थामा रहेको यथार्थ जानकारी आम कैलालीवासीहरुलाई गराउनु पर्दा ज्यादै दुखः लागेको छ ।

अर्कोतर्फ आगजानी पश्चात पनि पुनः यस कार्यालयमा वचेखुचेका केही मेशिनरी तथा अन्य कागजात एवं सामाग्रीहरु हराएको तथा कार्यालय परिसरभित्र रहेको स्थानबाट नियतवश, आवेग, लहलहै वा तत्कालिन मनोविज्ञान समेतका कारण जान-अन्जानमा कसैले वोकेको र अन्यन्त्र लगेको पनि हुनसक्ने अनुमान गरिएको छ। उक्त सामग्रीहरु यस कार्यालयको दैनिक सेवा प्रवाहसँग मात्र सिमित नभई आम नागरिकलाई जुनसुकै समयमा पनि उपलब्ध गराउन सकिने अभिलेख र सूचनासँग पनि प्रत्यक्षरूपमा जोडिएका थिए।

नागरिकहरुको दैनिक जीवनसंग जोडिएका यस कार्यालयका विभिन्न सेवाहरुलाई पुनःसञ्चालनमा ल्याई सेवाप्रवाह निरन्तर राख्न **जेन जेड** समूह लगायत नागरिकहरुवाट अनुरोध समेत भई आएको र सुरक्षा संवेदिनशिलताको विषम परिस्थितिमा पनि सोको पूर्व तयारी गर्न सकिने संभावनाको खोजी भै रहेको छ। यसवाट विस्तारै कैलालीवासी आम नागरिकको हातेमालो तथा सहयोगमा जिल्ला प्रशासन कार्यालयवाट हाल अवरुद्द भएका आधारभूत सेवाहरुलाई पुनः सञ्चालन गर्न सकिन्छ कि भन्ने आशा पलाएको छ।

अतः माथि उल्लेख गरिए अनुसारका सामाग्रीहरु फेला परेको वा कतै सुरक्षित अवस्थामा रहेको भन्ने जानकारी प्राप्त भए तत्काल यस कार्यालयमा बुझाइ वा फोनबाट जानकारी गराई कार्यालयको नियमित सेवा प्रवाह, अभिलेख व्यवस्थापन तथा प्रशासनिक कार्य सम्पादनलाई सुचारु गर्न थोरै भए पनि मद्दत पुग्न जाने हुंदा सो अनुरुप आवश्यक सहयोग पुऱ्याइ दिनु हुन हार्दिक अपिल गरिन्छ।

**देहाय**

| सम्पर्क व्यक्तिको नाम, पद | सम्पर्क नं. |
|---|---|
| प्र.अ.श्री शिवराज जोशी | ९८५१०७३५२९ |
| ना.सु. श्री दुर्गादत्त पन्त | ९८५८४२१११३ |

शिवराज जोशी
प्रशासकीय अधिकृत